निर्णय नं.१

आर्थिक वर्ष २०८२-०८३ का लागि यस बारबर्दिया नगरपालिकामा तराई मधेस समृद्धि कार्यक्रम आन्तरगत कुल लागतको ३० प्रतिशत लागत रकम नगरपालिकाबाट ब्यहोर्ने गरि प्राथमिकताका आधारमा देहाय बमोजिम योजना छनौट गरि पठाउने निर्णय गरियो;-

देहायः-

| सि नं. | योजनाको नाम | लागत अनुमान | कै. |
|---|---|---|---|
| १ | बारबर्दिया नगरपालिका वडा नं. २ स्थीत जनचेतना आधारभुत विद्यालयमा छ कोठे भवन निर्माण योजना | १,२७,००,००० ।- | |
| २ | बारबर्दिया नगरपालिका अन्तरगत देहायका साप्ताहिक हाटबजारमा टहरा र शौचालय समेत निर्माण योजना<br>देहायः-<br>(क) जयनगर साप्ताहिक हाटबजार<br>(ख) रम्मापुर साप्ताहिक हाटबजार<br>(ग) जोगिगाउँ साप्ताहिक हाटबाजर<br>(घ) वैदी साप्ताहिक हाटबजार<br>(ङ) विजयनगर साप्ताहिक हाटबजार | ६३,००,०००।- | |
| ३ | बारबर्दिया नगरपालिकाका मुक्त कमैया परिवारलाई बाख्रा पालन तालिम तथा वितरण कार्यक्रम | १०,००,०००।- | |

निर्णय नं.२

यस बारबर्दिया नगरपालिकामा आर्थिक वर्ष २०८२-०८३ मा संघीय समपुरक अनुदानतर्फ देहाय बमोजिम योजना छनौट गरि माग प्रस्ताव सम्बन्धित निकायमा पठाउने निर्णय गरियो;-

देहायः-

| सि नं. | योजनाको नाम | लागत अनुमान | कै. |
|---|---|---|---|
| १ | बारबर्दिया नगरपालिका वडा नं.८ थानफेना देखि वडा नं.११ जब्दीसम्मको मुलबाटो निर्माण योजना | १०,००,००,००० ।- | |

निर्णय नं.३

यस बारबर्दिया नगरपालिकामा आर्थिक वर्ष २०८२-०८३ मा संघीय विषेश अनुदानतर्फ देहाय बमोजिम योजना छनौट गरि माग प्रस्ताव सम्वन्धित निकायमा पठाउने निर्णय गरियो;-

देहायः-

| सि नं. | योजनाको नाम | लागत अनुमान | कै. |
|---|---|---|---|
| १ | बारबर्दिया नगरपालिका वडा नं.१० स्थीत जनसेवा मा.वि. वैदीमा ८ कोठे भवन निर्माण योजना | १,५०,००,००० ।- | |
| २ | बारबर्दिया नगरपालिका वडा नं.८ मा आधारभुत स्वास्थ्य चौकि भवन निर्माण योजना | १,००,००,०००।- | |
| ३ | भानुभक्त मा.वि.सिउनिया पर्खाल निर्माण योजना | ५०,००,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं.४

बारबर्दिया नगरपालिका अन्तरगत वडा नं.८ बाट भूमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासिको हैसियतवाट लगत भरी अनलाईन प्रणालीमा प्रविष्टि भएका विवरणहरु वडावाट अनुसूचि ७ र ७ (क) बमोजिम सूचना प्रकाशित गरी वडा स्तरीय सहजिकरण समितिको सिफारिसमा वडा समितिवाट प्रमाणित भै नगरस्तरीय सहजिकरण समितिले कार्यपालिका समक्ष पेश गरेका भूमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासिको विवरण उपर दाबी बिरोधको लागि १५ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं.५

बारबर्दिया नगरपालिका वडा नं.४ स्थीत बैरिया घाटमा झोलुङ्गे पुल निर्माण भई संचालन भैसकेको हुनाले चालु आ.व. ०८१-०८२ मा यस कार्यालयबाट दिईएको बैरिया घाट उत्राही ठेक्का अन्त्य गर्ने निर्णय गरियो।

निर्णय नं.६

मिति २०८१ माघ २७ गते आईतवारका दिन विहान बसेको स्थानीय तह स्तरीय भुमिहिन तथा अव्यवस्थित वसोवासी व्यवस्थापन सहजिकरण समितको वैठकले गरेका निर्णय कार्यपालिका बैठकबाट अमुमोदन गरियो।

निर्णय नं.७

यस बारबर्दिया नगरपालिकामा नगर खेलकुद विकास समितिको संयोजक भएर कामकाज गर्दै आउनु भएका श्री विवेक डाँगिको राजिनमा स्वीकृत गर्दै उक्त रिक्त पदमा मिति २०८१-१०-२८ गते देखि लागु हुने गरि बारबर्दिया नगरपालिका वडा नं. ७ सिउनिया निवासी श्री सुनिल शाहीलाई नगर खेलकुद विकास संचालन कार्यविधि २०७६ को दफा ३ बमोजिम बारबर्दिया नगरपालिका नगर खेलकुद विकास समितिको संयोजकमा चयन गर्ने निर्णय गरियो ।

निर्णय नं.८

बारबर्दिया नगरपालिकाको कार्यालयमा आर्थिक सहायता/सहयोग/राहत उपलब्ध गराउनका लागि विभिन्न मितिमा पेश भएका निवेदन उपर छलफल गरि देहाय बमोजिम प्रदान गरिएको आर्थिक सहयोग रकम अनुमोदन निर्णय गरियो।

देहाय;-

| क्र.स. | नामथर | ठेगाना | सहयोगको प्रकृति | प्रदान रु |
|---|---|---|---|---|
| १ | जागेश्वर थारु | बारबर्दिया न.पा. | बेस संस्थाको महाधिवेशनमा मुक्त कमैयाको तर्फबाट सहभागि हुन | १०,०००। |
| २ | मिना कुमारी थारुनी | बारबर्दिया न.पा.- ८ | औषधी उपचारका लागि आर्थिक सहायता | ८,०००।- |

निर्णय नं.९

बारबर्दिया नगरपालिकाको आ.व. २०८०-०८१ को बित्तीय जोखिम मुल्याङ्कन (FRA) अन्तर्गत प्राप्त हुन आएको नतिजा उपरछलफल गरि प्राप्त नतिजालाई अनुमोदन गरि सार्वजनिक गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

निर्णय नं.१०

बारबर्दिया नगरपालिकाको आ.व. २०८०-०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) अन्तर्गत यस कार्यालयबाट गरिएको स्वमूल्याङ्कनमा तपसिलको बिपयगत क्षेत्रमा प्राप्त हुन आएको नतिजा उपरछलफल गरि प्राप्त नतिजालाई अनुमोदन गरि सार्वजनिक गर्ने निर्णय गरियो ।

| क्र.सं. | बिषयगत क्षेत्र | कुल अंक | प्राप्तांक | स्कोर प्रतिशत | कै. |
|---|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ८.५ | ९४.४४ | |
| २ | संगठन तथा प्रशासन | ८ | ६.५ | ८१.२५ | |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ८.२५ | ७५ | |
| ४ | वित्तिय एवम् आर्थिक व्यवस्थापन | ११ | १० | ९०.९१ | |
| ५ | सेवा प्रवाह | १६ | १२.५ | ७८.१३ | |
| ६ | न्यायीक कार्यसम्पादन | ७ | ७ | १०० | |
| ७ | भौतिक पूर्वाधार | १३ | ४ | ३०.७७ | |
| ८ | सामाजिक समावेशीकरण | १० | ८.५ | ८५ | |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ९ | १०० | |
| १० | सहकार्य र समन्वय | ६ | ६ | १०० | |
| कुल जम्मा | | १०० | ८०.२५ | ८०.२५ | |

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.११

यस बारबर्दिया नगरपालिका क्षेत्र भित्र रहेका सम्पुर्ण घरहरु अभिलेखिकरणका लागि ३० दिने घरनक्सा अभिलेखिरण सम्बन्धि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner